# दक्षिणकाली नगरपालिकाको

## आर्थिक ऐन, २०७६

चौथो नगरसभा बैठकबाट स्वीकृत मिति : २०७६/३/३१

प्रमाणिकरण भएको मितिः २०७६/४/१

# आर्थिक ऐन, २०७६

दक्षिणकाली नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना :**

दक्षिणकाली नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम दक्षीणकाली नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "आर्थिक ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन २०७६ साल श्रावण १ गतेदेखि दक्षिणकाली नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

**२. सम्पत्ति कर :**

नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गामा बनेको भौतिक संरचना (घर) मा अनुसूची - १ बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

**३. मालपोत :**

(१) नगरपालिका क्षेत्रभित्रका जग्गामा क्षेत्रफलको आधारमा मालपोत लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने मालपोतको दर अनुसूची - २ मा उल्लेख भएबमोजिम हुनेछ ।

**४. घर जग्गा बहाल कर :**

(१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, घरको छत, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिई प्राप्त गरेको आयमा बहाल कर लगाईने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा बहाल करको दर अनुसूची - ३ मा उल्लेख भएबमोजिम हुनेछ ।

**५. व्यवसाय कर :**

(१) नगरपालिका क्षेत्र भित्र दर्ता वा इजाजत प्राप्त गरी सञ्चालित उद्योग, व्यापार, व्यवसाय वा सेवामा व्यवसायको प्रकृति, पूँजी लगानी र आर्थिक कारोबारका आधारमा वर्गीकरण गरी व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम व्यबसाय कर असूली गर्दा बैंक तथा वित्तिय संस्था र सुपर मार्केट एवं अन्य व्यवसायको प्रत्येक कारोबार स्थलमा अलग अलग इकाई मानी कर असूली गरिनेछ ।

(३) यस दफा बमोजिम लगाइने ब्यावसाय करको दर अनुसूची - ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु कर:**

नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेबापत अनुसूची - ५ बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ ।



२०७६।३।१९
मोहन बस्नेत
नगर प्रमुख

तर, त्यस्ता वस्तुको व्यवसाय गर्ने व्यक्ति वा कम्पनिलाई दफा ५ बमोजिम व्यवसाय कर लगाइएको अवस्थामा यस दफा बमोजिमको कर लगाइनेछैन ।

**७. सवारी साधन कर** :

(१) नगरपालिका क्षेत्रभित्रका रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा जस्ता सवारी साधनको दर्ता र वार्षिक नवीकरणमा नगरपालिकाले सवारी साधन कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने सवारी साधन करको दर अनुसूची - ६ मा तोकिए बमोजिम हुनेछ ।

**८. विज्ञापन कर** :

(१) नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उप दफा (१) बमोजिम लगाइने विज्ञापन करको दर अनुसूची - ७ मा तोकिए बमोजिम हुनेछ ।

**९. मनोरञ्जन कर** :

नगरपालिकाले प्रदेश कानूनले तोके बमोजिमका सेवा र क्षेत्रमा सोही कानूनमा तोकिएको दरमा मनोरञ्जन कर लगाई असुल उपर गरिनेछ ।

**१०. बहाल बिटौरी शुल्क** :

(१) नगरपालिका क्षेत्रभित्रका सार्वजनिक, पर्ती वा ऐलानी जग्गालाई उपयोग गरी बनाइएका टहरा, छाप्रा वा पसल वा आवास तथा नगरपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा सञ्चालन भएका पसलमा बहाल विटौरी शुल्क लगाई असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने बहाल विटौरी शुल्कको दर अनुसूची - ८ मा तोकिए बमोजिम हुनेछ ।

**११. पार्किङ्ग शुल्क** :

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्गस्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएबापत पार्किङ्ग गर्ने समयको आधारमा अनुसूची - ९ मा उल्लेख भए बमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) निजी स्वामित्वको जग्गामा पार्किङ्गस्थल व्यबस्थापन गरि सवारी साधनको पार्किङ्ग सुविधा उपलब्ध गराउने व्यक्ति वा संस्थाले कार्यपालिकाबाट तोकिएको दस्तुर बुझाई नगरपालिकाको अनुमति लिनुपर्नेछ ।

**१२. सेवा शुल्क दस्तुर** :

नगरपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका अनुसूची - १० मा उल्लिखित स्थानीय पूर्वाधार वा सेबामा सेवाग्राहीबाट सोही अनुसूचीमा उल्लिखित दरमा सेवा शुल्क तथा दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

**१३. सिफारिस प्रमाणित दस्तुर** :

नगरपालिकाले कार्यपालिकाको कार्यालय तथा वडा कार्यालय मार्फत उपलब्ध गराउने सिफारिश, प्रमाणित, इजाजत जस्ता प्रशासनीक सेबामा अनुसूची - ११ मा उल्लिखित दरमा सिफारिश प्रमाणित दस्तुर लगाई असूल उपर गर्नेछ ।

**१४. पर्यटन शुल्क** :

नगरपालिका क्षेत्रभित्रका पर्यटकीय स्थलहरुमा प्रवेश गर्ने विदेशी पर्यटकहरुबाट अनुसूची - १२ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असूल उपर गरिनेछ ।



मोहन बस्नेत
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय फर्पिङ, काठमाडौं २०७३

**१५. बिक्री गर्न सक्ने :**

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको खोलानाला वा अन्य सार्वजनिक स्थलबाट वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परिक्षणबाट तोकिएको परिमाणमा ढुंगा, गिट्टी, बालुवा एवं माटो जस्ता साधारण निर्माणमुखी खानीजन्य बस्तुहरु अनुसूची - १३ मा उल्लेख भए बमोजिमको दरमा विक्री गर्नेछ ।

(२) उपदफा (१) बमोजिम साधारण निर्माणमुखी खानीजन्य बस्तुको विक्री गर्दा विक्रीको दर तथा उपलब्ध परिमाणका आधारमा कायम भएको न्यूनतम विक्री मूल्यमा ठेक्का बढावढ गरी गर्न सक्नेछ ।

(३) नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रचलित कानून बमोजिम स्वीकृती लिई निजी स्वामित्वको जग्गामा सञ्चालित खानीबाट वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परिक्षणले तोकेको परिमाणमा गरिने ढुंगा, गिट्टी, बालुवा, एवं माटो जस्ता साधारण निर्माणमुखी वस्तुहरुको उत्खनन्, संकलन र विक्री तथा नगर क्षेत्रमा उत्पादन भै व्यवसायिक रुपमा विक्री हुने पानीमा अनुसूची - १३ बमोजिमको दरमा शुल्क लगाई असूल उपर गर्नेछ ।

(४) उपदफा (३) बमोजिमको उत्खनन्, संकलन र विक्री गर्न चाहने व्यक्तिले नगरपालिकाले स्वीकृत गरेको कार्यविधि बमोजिम इजाजत लिनु पर्नेछ ।

**१६. सामुदायिक वनबाट आय प्राप्त गर्ने :**

नगरपालिका क्षेत्रभित्रका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा गनुपर्नेछ ।

**१७. भाडामा लगाउन सक्ने :**

नगरपालिकाले आफ्नो स्वामित्वमा रहेका भवन, मेसिनरी तथा अन्य सम्पत्तिमा अनुसूची - १४ मा उल्लिखित दरमा भाडामा लगाउन सक्नेछ ।

**१८. दण्ड जरिवाना :**

यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम पालना गर्नुपर्ने कर्तब्य भएको व्यक्ति वा संघसंस्थाले कर्तव्य पालना नगरेको वा नगरपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा अनुसूची - १५ मा उल्लिखित दरमा दण्ड जरिवाना लगाई असूल उपर गर्न सक्नेछ ।

**१९. कर छुट :**

(१) नगरपालिकालाई बार्षिक रुपमा तिर्नुपर्ने कर सोही आर्थिक बर्षको पहिलो चौमासिक भित्र र मासिक रुपमा तिर्नुपर्ने कर महिना समाप्त भएको सात दिनभित्र बुझाउने करदातालाई नियमानुसार लाग्ने करको क्रमशः दश र पाँच प्रतिशत छुट दिइनेछ ।

(२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिईने छैन ।

**स्पष्टीकरण:** लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालाय, बालगृह, अनाथाश्रम, बृद्धाआश्रम, मठमन्दिर जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ ।

**२०. प्रचलित कानुन बमोजिम हुने :**

यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।



२०७६।७।१९

मोहन बस्नेत
नगर प्रमुख

अनुसूची - १

(दफा २ संग सम्बन्धित)

## सम्पत्ति कर

| घरको प्रकार | दर |
|---|---|
| ४ कोठा सम्मको पक्की घर | ३००।- |
| ४ कोठा भन्दा माथि ८ कोठा सम्मको पक्की घर | ५००।- |
| ८ कोठा भन्दा माथि १२ कोठा सम्मको पक्की घर | ७००।- |
| १२ कोठा भन्दा माथिको पक्की घर | १०००।- |
| प्रिफ्याब तथा कच्ची घर | २००।- |
| औद्योगिक र व्यवसायिक प्रयोजनको ट्रस (१००० वर्गफीट सम्म) | १०००।- |
| औद्योगिक र व्यवसायिक प्रयोजनको ट्रस (१००० वर्गफीटभन्दा ठूलो) | २०००।- |

नोट :

- विशुद्ध धार्मिक क्षेत्रको रुपमा मात्र रहेको भवनमा सम्पत्ति कर लिईने छैन, तर धार्मिक क्षेत्रभित्र संचालित कुनै पनि किसिमका व्यवसाय भएमा उक्त व्यवसाय संचालन गर्ने व्यवसायीले यस ऐन बमोजिमको व्यवसाय लगायत अन्य कर बार्षिक रुपमा बुझाउनु पर्नेछ ।

- १२ कोठा वा ५००० वर्गफीट भन्दा बढी क्षेत्रफल भएका संरचनाहरुलाई प्रति वर्गफिट रु १।- का दरले सम्पत्ति कर लगाईनेछ ।

मोहन बस्नेत
नगर प्रमुख

अनुसूची - २

(दफा ३ को उपदफा (२) संग सम्बन्धित)

## मालपोत

| जग्गाको क्षेत्रफल | मालपोत दर | कैफियत |
|---|---|---|
| न्यूनतम दर | "क" र "ख" वर्गको लागी प्रति रोपनी | रु. १००।- |
| | "ग" र "घ" वर्गको लागी प्रति रोपनी | रु. ७५।- |
| | जग्गा लिई बाँजो राखेमा थप क र ख वर्गको | रु. २,०००।- प्रति रोपनी |
| | जग्गा लिई बाँजो राखेमा थप ग वर्गको | रु. १,०००।- प्रति रोपनी |
| | जग्गा लिई बाँजो राखेमा थप घ वर्गको | रु. ५००।- प्रति रोपनी |
| | (व्यवसायिक वृक्षारोपणलाई बाभ्रो मानिने छैन ।) | |

नोट : (१) छुट दर्ता नामसारी जग्गाको मालपोत बक्यौता प्रति रोपनी रु. १५।- का दरले लिइने र जरीवाना नलाग्ने तर नगरपालिका गठन भए पश्चातको हकमा हाल कायम दररेट कै आधारमा लिइनेछ ।

(२) जग्गा बढ कायम गरी मालपोत तिर्न आएमा हाल कायम दररेट अनुसार नै मालपोत लिइनेछ ।

(३) न्यूनतम १ रोपनी भन्दा कम क्षेत्रफल भएको जग्गाको मालपोत लिंदा प्रति आना रु ६ का दरले लिइनेछ ।

(४) मालपोत असुल गर्दा सम्पत्ति कर समेत एकैसाथ असुल उपर गरिनेछ ।

## दक्षिणकाली नगरपालिका भित्र रहेका क्षेत्रहरुको वर्ग विभाजन

"क" वर्गः , "ख" वर्गः , "ग" वर्गः र  "घ" वर्गः

| दक्षिणकाली नगरपालिका वडा नं. १ देखि ९ वडा सम्म | |
|---|---|
| वर्ग | विभाजित क्षेत्रहरु |
| "क" | चाल्नाखेल खहरे देखि फर्पिङ दक्षिणकाली सम्म (ईश्वरी मार्ग) मूल सडकको दायाँवायाँ |
| "ख" | "क" वर्ग बाहेक अन्य पक्की सडकको दायाँवायाँ |
| "ग" | कच्ची मोटरबाटो सडकको दायाँवायाँ |
| "घ" | गोरेटो बाटो र अन्य "क", "ख" र "ग" वर्ग मा नपरेका सबै |

यस दक्षिणकाली नगरपालिकाको वडा नं. १ देखि ९ वडा सम्म "क" वर्गः , "ख" वर्गः , "ग" वर्गः र  "घ" वर्गः गरी जम्मा ४ भागमा क्षेत्र विभाजन गरेकोमा "क" वर्ग र "ख" वर्गको दर निर्धारण गरिएको र "ग" वर्गको सम्बन्धमा "ख" वर्गको ५० प्रतिशत कम र "घ" वर्गको सम्बन्धमा "ग" वर्गको ५० प्रतिशत कम दररेट निर्धारण गरिनेछ ।

मोहन बस्नेत
नगर प्रमुख

अनुसूची - ३
(दफा ४ को उपदफा (२) संग सम्वन्धित)

## घर जग्गा बहाल करको दर

| जग्गा तथा घर भाडामा लिने | वार्षिक करको दर |
|---|---|
| **क) घर बहाल कर** | क) आवासिय र व्यबसायिक प्रयोजन ५ प्रतिशत<br>ख) लेखापरिक्षण हुने संगठीत संस्था १० प्रतिशत |
| **ख) जग्गा बहाल कर :**<br>कृषि प्रयोजनलाई दिएकोमा (जग्गा धनीसँग) | क) १ प्रतिशत |
| औद्योगिक लगायत अन्य प्रयोजनको लागि दिएकोमा (जग्गा धनीसँग) | ख) ४ प्रतिशत |

मोहन बस्नेत
नगर प्रमुख

अनुसूची - ४

(दफा ५ को उपदफा (३) संग सम्बन्धित)

## व्यवसाय कर

| क्र.सं. | शीर्षक | दर्ता शुल्क | नविकरण शुल्क (वार्षिक कर) |
|---|---|---|---|
| १ | **होटल, लज, रेष्टरेन्ट, बार, क्याफे, भोजनालय, मिष्ठान भण्डार** | | |
| | क. मदिरा समेत विक्रि गर्ने होटल, रेष्टुरेन्ट | १,०००।- | १,०००।- |
| | ख. होटल साधारण (विना तारे) | २,०००।- | ३,०००।- |
| | रिसोर्ट (बार्षिक शुल्क) | १०,०००।- | ३०,०००।- |
| | एक तारे होटल | १५,०००।- | ४०,०००।- |
| | दुई तारे होटल | २०,०००।- | ५०,०००।- |
| | तिन तारे होटल | ३०,०००।- | ७०,०००।- |
| | ग. होटल सहित लज/गेष्ट हाउस | ३,०००।- | ७,०००।- |
| | घ. होटल मात्र (साना मदिरा समेत बिक्री गर्ने) | १५००।- | ३,०००।- |
| | ङ. होटल चिया पसल | ५००।- | १०००।- |
| | च. मिठाई पसल/शाकाहारी पसल | ५००।- | १,०००।- |
| २ | टेन्ट हाउस र क्याटरिङ | ३,०००।- | ७,०००।- |
| ३ | सुन पसल<br>चाँदी पसल<br>सुन/चाँदी | ३,०००।-<br>२०००।-<br>४०००।- | ५,०००।-<br>४,०००।-<br>७,०००।- |
| ४ | एकोरियम पसल | ५००।- | १,०००।- |
| ५ | टेलरिङ व्यवसाय | | |
| | क. कपडा पसल सहितको टेलरिङ (ठूलो) | २,५००।- | ५,०००।- |
| | ख. कपडा पसल /फेन्सी पसल | १,५००।- | २,५००।- |
| | ग. कपडा पसल सहितको टेलरिङ (सानो) | ५००।- | १,०००।- |
| | घ. टेलरिङ,सिलाई कटाई प्रशिक्षण | ३००।- | ५००।- |
| | घ) टेलरिङ | २००।- | ३००।- |
| ६ | सैलुन<br>• स्थानीयबाट सञ्चालित<br>• स्थानीय भन्दा बाहिरको लागि | <br>३००।-<br>१,०००।- | <br>५००।-<br>१,५००।- |
| | क. व्यूटि पार्लर (तालिम समेत दिने )/कस्मेटिक पसल | ५००।- | १,०००।- |
| | ख. व्यूटि पार्लर पसल मात्र/कस्मेटिक पसल | ३००।- | ५००।- |



मोहन बस्नेत
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| ७ | क. कम्प्युटर बिक्री | १,०००।- | २,०००।- |
| | ख. कम्प्युटर मर्मत | ३००।- | ५००।- |
| ८ | टि.भि./फ्रिज/क्यालकुलेटर /मोबाइल/जेनेरेटर बिक्री र मर्मत | ३,०००।- | ५,०००।- |
| ९ | घडी बिक्री तथा मर्मत | ५००।- | १,०००।- |
| १० | हेभी इक्वीपमेन्ट, बस, ट्रक, कार, स्काभेटर, लहरी मर्मत कारखाना | ३,०००।- | ५,०००।- |
| ११ | जुत्ता तथा चप्पल बिक्री | १०००।- | १५००।- |
| १२ | छाला जुत्ता व्यवसाय(घरमा बनाउने) | ३००।- | ५००।- |
| १३ | जुत्ता, चप्पल, व्याग लगायत अन्य बिक्री गर्ने पसल | १५००।- | २५००।- |
| १४ | साइकल बिक्री पसल | ५००।- | १,५००।- |
| १५ | मोटर साईकल मर्मत | १,०००।- | २,०००।- |
| १६ | साईकल मर्मत | १००।- | ३००।- |
| १७ | ठेलागाडा व्यवसायी | २००।- | ५००।- |
| १८ | **मालबस्तु तथा सेवाको थोक बिक्रेता (खाद्यान्न)** | | |
| | क) ६ भन्दा बढी सामानहरुको डिलर/डिपार्टमेन्ट स्टोर | ३,०००।- | ६,०००।- |
| | ख) ३ भन्दा बढी ६ वटा सम्म सामानहरुको डिलर | २,०००।- | ३,०००।- |
| | ग) १ भन्दा बडी ३ वटा सम्म सामानको डिलर | १,०००।- | २,०००।- |
| | घ) पेय पदार्थ डिलर<br>• पानी तथा चिसो पेय पदार्थ<br>• मदिरा डिलर | <br>१,०००।-<br>२,०००।- | <br>१,५००।-<br>३,०००।- |
| १९ | **औषधि पसल (एलोपेथिक, होमोपेथिक, आयुर्वेदिक), चस्मा पसल** | | |
| | क) थोक बिक्रेता | १,०००।- | ३,०००।- |
| | ख) खुदा बिक्रेता | ५००।- | १,५००।- |
| | ग) चश्मा पसल | ३००।- | ५००।- |
| २० | ल्याब | ५००।- | १,५००।- |
| २१ | पोलिक्लिनिक | ३,०००।- | ७,०००।- |
| २२ | निजी स्वास्थ्य संस्था (नर्सिङ्गहोम/हेल्थ सेन्टर) | ५,०००।- | १५,०००।- |
| २३ | निजी स्वास्थ्य संस्था (अस्पताल) | २०,०००।- | ३०,०००।- |
| २४ | डेन्टल क्लिनिक/ आखा क्लीनिक | ३,०००।- | ५,०००।- |
| २५ | आयुर्वेद पसल | ३००।- | ५००।- |
| २६ | फिजियोथेरापी | ५००।- | १,०००।- |

| | | | |
|---|---|---|---|
| २७ | पान पसल | ५००।- | १,०००।- |
| २८ | लत्ता कपडा धुलाई तथा सरसफाई | | |
| | क) ड्राई क्लीनर्स | ३००।- | ५००।- |
| २९ | आर्ट व्यवसाय | | |
| | क) कामदार राखि व्यवसाय गर्ने | २५०।- | ७५०।- |
| | ख) आफै गर्ने | २००।- | ३००।- |
| | ग) स्थानिय श्रोतबाट निर्मित मूर्ति व्यवसाय | ३००।- | १,०००।- |
| | घ) बाह्य कच्चा पदार्थ निर्मित मूर्ति व्यवसाय | ५००।- | १,५००।- |
| ३० | बत्ति बिजुलीको सामानहरु | | |
| | क) सामान्य | ५००।- | १,०००।- |
| | ख) ठुलो | १,०००।- | २,०००।- |
| ३१ | फोटो स्टुडियो | | |
| | क) कलर ल्याब फोटो स्टुडियो | १,०००।- | २,०००।- |
| | ख) फोटो स्टुडियो | ५००।- | १,०००।- |
| ३२ | भाडा पसल (प्लाष्टिक, पित्तल, तामा, स्टिल, आल्मुनियम) | १,०००।- | २,०००।- |
| ३३ | माटोको भाँडा पसल | ५००।- | ५००।- |
| ३४ | फलामको भाडा पसल | ३००।- | ५००।- |
| ३५ | गिफ्ट तथा कस्मेटीक पसल | ५००।- | १,०००।- |
| ३६ | प्लाई/ सिसा / कार्पेट / फ्रेम आदि बिक्री | १,०००।- | २,०००।- |
| ३७ | पेट्रोल पम्प | २०,०००।- | ३०,०००।- |
| ३८ | ग्यास सिलिण्डर डिपो | १,०००।- | २,०००।- |
| ३९ | मोटर साईकलको पाटर्स बिक्री | ३०००।- | ५,०००।- |
| ४० | कार,जिप,बस,ट्रक,टेक्टर आदिको पाटर्स बिक्री | ५०००।- | ८,०००।- |
| ४१ | लेथ सेक्सन तर्फ | १,०००।- | २,०००।- |
| ४२ | मोटर बडी बिल्डर्स | ३,०००।- | ५,०००।- |
| ४३ | टायर मर्मत तथा हावा हाल्ने तथा सिट मर्मत | ५००।- | १,०००।- |
| ४४ | मोबिल, ग्रिज बिक्री | ५००।- | १,०००।- |
| ४५ | मोटर साईकल सो रुम | ५,०००।- | १५,०००।- |
| ४६ | पशु/पंछी आहार उद्योग फिड्स | १५००।- | ३,०००।- |
| ४७ | नगरपालिकाबाट लिइने सेवाको लागि व्यक्ति,फर्म,संस्था र लेखापरीक्षक | | ५००।- |



मोहन बस्नेत
नगर प्रमुख

दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
२०७३

| | | | |
|---|---|---|---|
| | सुचिकृत | | |
| ४८ | बैक, फाईनान्स, वित्तीय संस्थाहरु तथा सहकारी बैक (नाफामुलक) | | |
| | क) क वर्गको बैंक वा वित्तीय संस्था | १०,०००।- | २५,०००।- |
| | ख) ख वर्गको बैंक वा वित्तीय संस्था | ७,०००।- | २०,०००।- |
| | ग) ग वर्गको बैंक वा वित्तीय संस्था | ५,०००।- | १५,०००।- |
| | ३) घ वर्गको बैंक वा वित्तीय संस्था | ३,०००।- | १०,०००।- |
| ४९ | परामर्श सेवा | | |
| | क) इन्जिनियरिङ | २,०००।- | ३,०००।- |
| | ख) शैक्षिक, टिउसन सेन्टर | २,०००।- | ३,०००।- |
| | ग) कानुनी सेवा | २०००।- | ३,०००।- |
| ५० | संस्थागत/प्राईभेट (विद्यालय/क्याम्पस) | | |
| | क्याम्पस,उच्च मा.वि | ३,०००।- | १०,०००।- |
| | माध्यमिक विद्यालय | ३,०००।- | ७,०००।- |
| | आधारभूत विद्यालय | २,०००।- | ४,०००।- |
| | मन्टेश्वरी | २,०००।- | ३,०००।- |
| ५१ | ब्लक, रिङ,तारबार र सिमेन्टको पोल विक्री | १,०००।- | २,०००।- |
| ५२ | टायल/मार्वल विक्री | ५,०००।- | ६,०००।- |
| ५३ | पाउरोटी / बरफ/ बिस्कुट तथा दालमोठ उद्योग | २,०००।- | ३,०००।- |
| ५४ | प्लाष्टिकका सामानहरुको उद्योग | ५,०००।- | १०,०००।- |
| ५५ | मैनबत्ति तथा अगर बत्ति/अचार उद्योग | २००।- | ५००।- |
| ५६ | मसला उद्योग | ५००।- | १,०००।- |
| ५७ | कन्फेक्सनरी उद्योग | २,०००।- | ३,०००।- |
| ५८ | मदिराको थोक बिक्रेता | २,०००।- | ५,०००।- |
| ५९ | मदिरा बाहेक अन्य वस्तु विक्री गर्ने थोक विक्रेता | १,०००।- | २,०००।- |
| ६० | किराना खुद्रा बिक्रेता | १०००।- | १५००।- |
| ६१ | मदिराको खुद्रा विक्रेता | ५००।- | २,०००।- |
| ६२ | मादल मर्मत तथा बिक्री | २००।- | ५००।- |
| ६३ | सिरक डसना बिक्री | ५००।- | २,०००।- |
| ६४ | ह्युम पाईप, विद्युत पोल उद्योग (ब्लक निर्माण समेत) | २,०००।- | ८,०००।- |
| ६५ | झोला तयारी गर्ने उद्योग (प्लाष्टिक बाहेक) | ३००।- | ५००।- |



मोहन बस्नेत
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| ६६ | क्याण्डी उद्योग | ५००।- | १,०००।- |
| ६७ | डेरी उद्योग | ५००।- | २,०००।- |
| ६८ | पर्दा कार्पेट, फर्निसिङ् | ५००।- | २,०००।- |
| ६९ | फर्निचर उद्योग ठुलो | २५००।- | ५०००।- |
| ७० | फर्निचर उद्योग सानो | १५००।- | ३०००।- |
| ७१ | फर्निचर उद्योग ग्रामिण भेगको(स्थानिय काठबाट निर्माण गर्ने) | २००।- | १,०००।- |
| ७२ | कवाडी व्यवसाय | ५,०००।- | १५,०००।- |
| ७३ | फर्निचर सोरुम (तयारी सामान बेच्ने) | २,०००।- | ५,०००।- |
| ७४ | वेन्सो प्रयोग गरी काठ चिरान गर्ने समिल | ३,०००।- | ७,०००।- |
| ७५ | आल्मोनियम, ग्रील उद्योग समेत | २,५००।- | ५,०००।- |
| ७६ | ग्रिल,सटर उद्योग | १,५००।- | ३,०००।- |
| ७७ | मिल (कुटानी, पिसानी, पेलानी (सेलर, होलर, तेल, चिउरा आदि) | १,०००।- | १,०००।- |
| ७८ | **माछा, मासु लगायत मासुजन्य पसल** | | |
| | क) १ वटा मात्र Item को मासुजन्य पसल | ५००।- | १०००।- |
| | ख) १ भन्दा माथि ३ वटा सम्म Item को मासुजन्य पसल | १०००।- | २०००।- |
| | ग) ३ भन्दा बढी Item को मासुजन्य पसल | १५००।- | ३०००।- |
| ७९ | तरकारी, फलफुल तथा सागसब्जी पसल | ५००।- | १५००।- |
| ८० | अण्डा बिक्री /कुखरा थोक बिक्रि | ५००।- | १,०००।- |
| ८१ | कखुरा होलसेल | २,०००।- | ३०००।- |
| ८२ | छाला संकलन तथा बिक्री | ५००।- | १,५००।- |
| ८३ | डोको, नाम्लो, भकारी | २००।- | ३००।- |
| ८४ | **बालुवा, ढुङ्गा, गिटि, डण्डी र सिमेन्ट खुद्रा विक्रेता** | | |
| | क) १ Item मात्र | १,०००।- | १,५००।- |
| | ख) १ भन्दा बढी ३ Item सम्म | १,५००।- | २,०००।- |
| | ग) ३ Item भन्दा बढी | २,०००।- | ३,०००।- |
| ८५ | **बालुवा, ढुङ्गा, गिटि, डण्डी र सिमेन्ट थोक विक्रेता** | | |
| | क) १ Item मात्र | २,०००।- | ४,०००।- |
| | ख) १ भन्दा बढी ३ Item सम्म | ३,०००।- | ६,०००।- |
| | ग) ३ भन्दा बढी ५ Item सम्म | ४,०००।- | ८,०००।- |



मोहन बस्नेत
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| | घ) ५ Item भन्दा माथि | ५,०००।- | १०,०००।- |
| ८६ | रंगरोगन र फिटिङ सामान | २,०००।- | ५,०००।- |
| ८७ | रंगरोगन बिक्री | १५००।- | ४,०००।- |
| ८८ | सिमेन्टको ब्लक | २,०००।- | ३,०००।- |
| ८९ | इट्टा चिम्नी उद्योग | १,००,०००।- | ६,००,०००।- |
| ९० | मेटलको भाडा बनाउने | १,०००।- | २,०००।- |
| ९१ | पुस्तक, स्टेशनरी तथा खेलकुदका सामानहरुको बिक्री | ५००।- | १,०००।- |
| ९२ | फ्लेक्स,होडिङ बोर्ड निर्माण | ५००।- | १०००।- |
| ९३ | फोटोकपी, फ्याक्स, लेमिनेशन, ब्यान्डीङ, कुरियर | ५००।- | १,०००।- |
| ९४ | अन्य ईन्स्टीच्युट | १,०००।- | १,५००।- |
| ९५ | ड्राईभिङ इष्टिच्युट् | ५००।- | २,०००।- |
| ९६ | नृत्य प्रशिक्षण केन्द्र | ५००।- | १,०००।- |
| ९७ | छापाखाना तथा कपि, किताब उद्योग | २,०००।- | ५,०००।- |
| ९८ | डिजिटल छापाखाना | २,०००।- | ३,०००।- |
| ९९ | साईबर,नेट फोन सेवा, केबुल लाईन (कम्युनिकेसन सेवा) | १,०००।- | ४,०००।- |
| १०० | "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र | १५,०००।- | ६,०००।- |
| १०१ | रसायनिक मल, विउ विजन, विषादी बिक्री | १,०००।- | १,०००।- |
| १०२ | भिडियो मिक्सीङ, | ५००।- | ५००।- |
| १०३ | बेरिङ रिपेरिङ तथा बिक्री | ५००।- | १,०००।- |
| १०४ | मेशिनरी सामान बिक्री (मोटर, जेनेटर आदि क श्रेणी) | २,०००।- | ५,०००।- |
| १०५ | मेशिनरी सामान बिक्री (मोटर, जेनेरेटर आदि ख श्रेणी) | १,५००।- | ३,०००।- |
| १०६ | कृषि मोटर मर्मत | ५००।- | ५००।- |
| १०७ | रक क्लाइम्बिङ मात्र | १,०००।- | ४,०००।- |
| १०८ | रेमिटेन्स सेवा, मनि एक्सचेन्ज/टुर्स एण्ड ट्राभल्स | २,०००।- | ४,०००।- |
| १०९ | रेमिटेन्स सेवा, मनि एक्सचेन्ज | १,०००।- | २,५००।- |
| ११० | धितोपत्र कारोवार | १,०००।- | १,०००।- |
| १११ | टुर्स एण्ड ट्राभल | १,०००।- | १,०००।- |
| ११२ | कुरियर तथा कार्गो सेवा | १,०००।- | १,०००।- |
| ११३ | भेटनरी सेवा | ५००।- | १,०००।- |
| ११४ | जडिबुटी वनजन्य उद्योग | २,०००।- | १०,०००।- |



नगर प्रमुख

दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
२०७३

| | | | |
|---|---|---|---|
| ११५ | व्यवसायीक कृषि फर्म | ५००।- | १,०००।- |
| ११६ | बहुउदेश्यीय कृषि फर्म | १०००।- | २,०००।- |
| ११७ | पानी प्रशोधन उद्योग | ५,०००।- | २०,०००।- |
| ११८ | पानी प्रशोधन तथा फुड एण्ड बेबरेज | ५,०००।- | २५,०००।- |
| ११९ | फुड एण्ड बेबरेज मात्र | ५,०००।- | २०,०००।- |
| १२० | क) ग्याँस रिफिलिङ प्लान्ट तथा अक्सिजन उद्योग/एल.पि.जि. फिलिङ | ५०,०००।- | १,२५,०००।- |
| | ख) अक्सिजन | ३५,०००।- | १,००,०००।- |
| १२१ | नर्सरी व्यवसाय / पुष्प व्यवसाय | ५००।- | १,०००।- |
| १२२ | ड्राइङ, कार्डिङ उद्योग | २,०००।- | ५,०००।- |
| १२३ | गार्मेन्ट उद्योग | २,०००।- | ५,०००।- |
| १२४ | आल्मुनियम, फेब्रिकेशन उद्योग | २,०००।- | ५,०००।- |
| १२५ | क) ढुङ्गाखानी उद्योग | १,००,०००।- | २,७५,०००।- |
| | ख) क्रसर उद्योग | १,००,०००।- | ३,००,०००।- |
| | ग) बालुवा खानी | १,००,०००।- | ३,००,०००।- |
| | घ) बालुवा वासिङ (प्रशोधन) उद्योग | १,००,०००।- | ३,००,०००।- |
| १२६ | व्यवसायिक पोल्ट्री फर्म | २,०००।- | ३,०००।- |
| १२७ | चौपाया संकलन तथा विक्री केन्द्र (फार्म) | १०,०००।- | ५०,०००।- |
| १२८ | होम स्टे | ५००।- | १,०००।- |
| १२९ | गाई/भैसी/बाखा फर्म दर्ता | ५००।- | १,५००।- |
| १३० | वंगुर फर्म | ५००।- | १,५००।- |
| १३१ | वंगुर समेत अन्य फर्म | १,०००।- | २,०००।- |
| १३२ | पार्टी प्यालेस | २,०००।- | ५,०००।- |
| १३३ | व्याग पसल | ५००।- | १०००।- |
| १३४ | कालिज, अष्ट्रिच, बट्टाई, टर्की लगायतका पंक्षी फर्म | २,०००।- | ५,०००।- |
| १३५ | पानी सप्लायर्स | १,०००।- | २,०००।- |
| १३६ | पुजा सामाग्री पसल | २००।- | ३००।- |
| १३७ | विभिन्न पंक्षीका चल्ला सहित आहार (दाना) पसल | १,०००।- | २५००।- |
| १३८ | स्पा एण्ड रिसर्च सेन्टर | १,०००।- | ४,०००।- |
| १३९ | फिटनेस सेन्टर, जिमखाना | १,०००।- | ३,०००।- |
| १४० | स्नुकर हाउस, पुल हाउस | २,०००।- | ३,०००।- |
| १४१ | रक क्लाईम्बिङ्ग, फुट सल, अन्य साहसिक खेल व्यवसाय | २,०००।- | ५,०००।- |

- धार्मिक क्षेत्रभित्र कुनै पनि किसिमको व्यवसाय संचालन गर्न पाइनेछैन । यदि धार्मिक क्षेत्रभित्र संचालित कुनै पनि किसिमका व्यवसाय भएमा उक्त व्यवसाय संचालन गर्ने व्यवसायीले यस ऐन बमोजिमको व्यवसायिक कर बार्षिक रुपमा बुझाउनुपर्नेछ ।



मोहन बस्नेत
नगर प्रमुख

दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
२०७३

- अघिल्लो आर्थिक बर्षमा व्यवसाय कर बुझाउन छुट भएका व्यवसायीले व्यवसाय दर्ता भएदेखि प्रतिवर्ष ५ प्रतिशत बिलम्ब शुल्क बुझाउनु पर्नेछ ।
- नोटः माथि उल्लेखित छुट हुन गएका व्यवसायहरुलाई व्यवसायको प्रकृति हेरी उल्लेखित विषयसंग मेल खाने किसिमको दरमा रु. ५००।- देखि १०,०००।- सम्म लिने ।

मोहन बस्नेत
नगर प्रमुख

अनुसूची - ५

(दफा ६ संग सम्वन्धित)

## जडिबुटी, कवाडी र जीवजन्तु करको दर

नगर क्षेत्रभित्र उत्पादन वा संकलन भै व्यबसायिक उपयोग हुने निम्नलिखित वस्तुहरुमा देहाय बमोजिम जडिबुटी, कवाडी र जीवजन्तु कर लिईनेछ :

| क्र.सं. | जडिबुटी, कवाडी र जीवजन्तु | वार्षिक कर |
|---|---|---|
| १ | खाली सीसी, प्लाष्टिक (बोतल, भाँडाकुँडा, पुराना जुत्ता, चपल, ग्यालन र जर्किन), खाली बोरा, तेलको टिन, धातुका टुक्राहरु, पुन : प्रशोधन (रिसाइकलिङ्ग) गरी पुन : प्रयोगमा आउन सक्ने सामानहरु | १०,०००।- |
| २. | खोटो तथा अन्य .............जडिबुटी | |
| ३. | मरेका जीवजन्तुको हाड, सिंङ्ग, छाला, खुर आदि | प्रति ट्रक १०००।- |

अनुसूची - ६

(दफा ७ को उपदफा (२) संग सम्वन्धित)

## सवारी साधन करको दर

नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने देहायका सवारी साधनमा पहिलो पटक सवारी दर्ता र वार्षिक रुपमा नविकरण गर्दा लाग्ने करको दर निम्न अनुसार हुनेछ :

| क्र.सं. | सवारीको किसिम | दर्ता तथा इजाजत | वार्षिक कर |
|---|---|---|---|
| १ | अटोरिक्सा | रु.१५००।- | रु.२०००।- |
| २ | विद्युतीय रिक्सा | रु.१५००।- | रु.२०००।- |
| ३ | रिक्सा तथा ठेला | रु.५००।- | रु.१०००।- |

मोहन बस्नेत
नगर प्रमुख

अनुसूची - ७

(दफा ८ को उपदफा (२) संग सम्वन्धित)

## विज्ञापन करको दर

नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा नगरपालिकाको इजाजत लिई गरिएका विज्ञापन सामाग्रीमा देहाय बमोजिम वार्षिक विज्ञापन कर लगाई असुल उपर गरिने छ :

| क्र.सं. | विवरण | दर (रू.) मा |
|---|---|---|
| १ | ग्लो साइनबोर्ड, डिपिएस बोर्ड र अन्य साइनबोर्ड प्रति वर्ग फिट | १००।- |
| २ | वाल पेन्ट विज्ञापन प्रति वर्ग फिट | १०।- |
| ३ | व्यानर (बढीमा एक महिना सम्मको लागि) प्रतिगोटा | ५००।- |

**नोटः** (१) नगरपालिका क्षेत्रभित्र निजी सम्पत्तिको उपयोग गरी कसैले विज्ञापन राख्न चाहेमा नगरपालिकाको इजाजत लिई विज्ञापन सामग्री राख्न सक्नेछ । यस्तो विज्ञापन राखे वापत नगरपालिकालाई बुझाउनु पर्ने विज्ञापन करको दर सार्वजनिक स्थलमा राखेको विज्ञापन करको दरको आधा (पचास प्रतिशत) हुनेछ ।

(२) नगरपालिकाको इजाजत नलिई गरिएका विज्ञापन सामग्रीहरुलाई नगरपालिकाले कुनै पनि समयमा अग्रीम सूचना विना हटाउन सक्नेछ ।

(३) पसलहरुमा राखिने परिचय पाटी (व्यवसाय प्रमाण पत्रमा तोकिएको ढाँचा तथा साईज अनुसार) मा विज्ञापन कर लाग्ने छैन । तर, परिचय पाटिमा विज्ञापन मूलक सामग्री प्रचार गरेमा सोमा विज्ञापन कर लाग्नेछ ।

(४) सुर्ति एवं मदिरा जनय विज्ञापनमा थप ५० प्रतिशत विज्ञापन कर लगाईने छ ।

मोहन बस्नेत
नगर प्रमुख

अनुसूची - ८

(दफा १० को उपदफा (२) संग सम्वन्धित)

## बहाल बिटौरी शुल्कको दर

नगरपालिका आफुले निर्माण, रेखदेख र सञ्चालन गरेको हाटबजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा सार्वजनिक बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत बजार क्षेत्रमा रु.१०।- तथा ग्रामिण क्षेत्रमा रु.५।- प्रति वर्गफिट मासिक वहाल विटौरी लिइनेछ । हाटवजारमा राख्ने पसलहरुमा दैनिक रु.१००।- का दरले र विशेष चाड पर्वमा हुने हाट बजारमा दोपायाको प्रति गोटा रु.५।-, र चौपायाको प्रति गोटा रु.१५।- का दरले बहाल विटौरी लिइनेछ ।

मोहन बस्नेत
नगर प्रमुख

अनुसूची - ९

(दफा ११ को उपदफा (१) संग सम्वन्धित)

## सवारी साधन पार्किङ्ग शुल्कको दर

नगर कार्यपालिकाले तोकेको क्षेत्रमा सवारी पार्किङ्ग गरे बापत देहाय बमोजिम पार्किङ्ग शुल्क लिईने छ :

| सवारीको किसिम | प्रति दिन रु |
|---|---|
| वस, ट्रक, मिनि वस, हेभी गाडी | १००।- |
| कार, जिप, डेलिभरी भ्यान | ५०।- |
| मोटरसाईकल | २५।- |

मोहन बस्नेत
नगर प्रमुख

अनुसूची - १०

(दफा १२ संग सम्वन्धित)

## सेवा शुल्क दस्तुरको दर

| क्र.सं. | सेवाको किसिम | साविकको दर<br>दर (रू.) मा | कैफियत |
|---|---|---|---|
| १ | पक्की घरको सर्जमिन बापत | ६००।- | |
| २ | कच्ची घरको सर्जमिन बापत | ३००।- | |
| ३ | जग्गाको सर्जमिन | ६००।- | |
| ४ | अचल सम्पत्ति मूल्याङ्कन | प्रति लाख रु.१००।- | |
| ५ | आम्दानी प्रमाणित | प्रति लाख रु.१००।- | |
| ६ | विद्यार्थीको लागि सम्पत्ति मुल्याङ्कन | २०००।- | |
| ७ | विद्यार्थीको लागि आम्दानी प्रमाणित | ५००।- | |
| ८ | रकम कलम उठाई दिएवापत | २% | |
| ९ | मिलापत्र शुल्क (दुवै पक्षसँग आधा आधा) | ५००।-/५००।- | |
| १० | मुद्दा निवेदन दस्तुर | १००।- | न्यायिक समिति |
| ११ | साँध सिमाना नाँपजाँच दस्तुर | अमिन सेवा शुल्क सरह | ,, |
| १२ | आपसी लेनदेनको कारोबार रकमको | १ प्रतिशत दस्तुर | ,, |
| १३ | प्रतिलिपी उतार दस्तुर(प्रति पाना) | रु १०।- | ,, |
| १४ | घर नम्वरिङ्ग प्लेट प्रति गोटा | १००।- | |
| १५ | आमा समुह/टोल सुधार समिति/उपभोक्ता समिति/युवा समूह, कृषक समूह लगायत अन्य समूह दर्ता शुल्क/नविकरण | ५००।- | |
| १६ | नागरिकता सर्जमिन मुचुल्का शुल्क | ३००।- | |
| १७ | कृषि/पशुपंछीजन्य व्यवसाय दर्ताको सर्जमिन<br>क) घरेलु उद्योग सर्जिमिन<br>ख) मझौला उद्योग सर्जिमिन<br>ग) ठूला उद्योग सर्जिमन | <br>५००।-<br>२,०००।-<br>३,०००।- | |
| १८ | अन्य मुचुल्काहरु | ५००।- | |
| १९ | अमिन सेवा शुल्क | एक रोपनीसम्मको रु.१०००।- र त्यसपछि प्रति रोपनी रु.२००।- का दरले थप हुने । | |
| २० | फोहोरमैला संकलन सेवा शुल्क (मासिक) नगरपालिकाले तोकिएको क्षेत्रभित्र | | |



मोहन बस्नेत
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| | घरधुरी (४ जना सम्मको परिवार भएको) | १००।- | |
| | घरधुरी (५ भन्दा बढी परिवार भएको) पसल कवल | १५०।- | |
| | चिया, किराना पसल लगायत अन्य खुद्रा पसल | २५०।- | |
| | मासुजन्य पसल (सानो) | २००।- | |
| | डिपार्टमेन्ट स्टोर लगायत थोक विक्रेता पसल | ५००।- | |
| | मासुजन्य पसल (ठुलो) | ५००।- | |
| | मु.अ.करमा दर्ता भएको होटल | १०००।- | |
| | रेष्टुरेन्ट | ३५०।- | |
| | गेष्ट हाउस | १०००।- | |
| | संस्था, विद्यालय, क्याम्पसहरु | ५००।- | |
| | मठ, मन्दिर, गुम्बा, चैत्य, मस्जिद | १५००।- | |
| | अपार्टमेन्ट, कोलोनी, हाउजिङ | २०००।- | |
| | बधशालाहरु | १५००।- | |
| | सामाजिक पिकनिक स्थलहरु (सम्बन्धित पक्ष तथा ठेकदारसँग) | १०००।- | |
| | अन्य ठुला कलकारखानाहरु | २५००।- | |
| | हस्पिटल | १५००।- | |
| | औषधी तथा औषधीजन्य पसल(पोलिक्लिनिक समेत) | ५००।- | |
| | हार्डवेयर, रंगरोगँन, बक्ति, अटोपार्ट्स | ३००।- | |
| | अन्य सामान्य व्यवसायिक पसल | १५०।- | |
| २१ | घ वर्गको ईजाजत पत्र नामसारी/ठाउँसारी | १५,०००।- | |
| २२ | व्यवसाय बन्द गरेको सिफारिस | २,०००।- | |

**नोट :** फोहोरमैला शुल्क हेरफेर गर्नु परेमा नगरपालिकाले गठन गरेको फोहोरमैला व्यवस्थापन समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णयानुसार गरिने छ ।

तारकेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
२०७३

अनुसूची - ११

(दफा १३ संग सम्बन्धित)

## सिफारिस तथा प्रमाणित दस्तुर

| क्र.सं. | सेवाको किसिम | दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | ठाडो लिखत प्रमाणित | ५००।- | |
| २ | साँध सिमाना प्रमाणित | ५००।- | |
| ३ | नागरिकता प्रमाणपत्रको सिफारिस (अनुसूची र फाराम बाहेक) | ५०।- | |
| ४ | जग्गा नामसारी सिफारिस प्रति सिफारिस<br>• ०-८-०-० आनासम्म<br>• थप प्रतिआना | <br>५००।-<br>१५।- | |
| ५ | जग्गाधनी प्रमाण पुर्जा प्रतिलिपी सिफारिस/तीन पुस्ते फोटो प्रमाणित | ५००।- | |
| ६ | नामथर संशोधन सिफारिस | ५००।- | |
| ७ | घर निर्माण सम्पन्न प्रमाण-पत्र (पक्की) | १,०००।- | |
| ८ | घर निर्माण सम्पन्न प्रमाण-पत्र (कच्ची घर, टहरा आदी) | ५००।- | |
| ९ | घर कायम (पक्की घर) | १,०००।- | |
| १० | घर कायम (कच्ची घर) | ५००।- | |
| ११ | घर नक्सा नामसारी पक्की (एकाघर तीनपुस्ते भित्र) | ५००।- | |
| १२ | घर नक्सा नामसारी पक्की (एकाघर नभएमा) | नक्सापासमा तोकिएको दरको २५ प्रतिशत | |
| १३ | कच्ची घर (ढुङ्गा माटोको जोडाई जस्ताको छाना) नक्सा नामसारी | ३००।- | |
| १४ | कच्ची घर फुसको छाना भएको बा सामान्य घर वा टहरा नक्सा नामसारी | ३००।- | |
| १५ | सबै प्रतिलिपी (एकमुष्ठ) | १००।- | |
| १६ | अस्थायी टहरा निर्माणको इजाजत दस्तुर (व्यवसायीक ठूला उद्योगहरु प्रति वर्ग फिट) | १५ दिन सम्म रू २।- एक महिना सम्म रू.३।- र सो भन्दा माथि रू.४।- | |
| १७ | विद्युत जडानको सिफारिस दस्तुर (घर प्रयोजन) | ५००।- | |



२०७३।७।१
मोहन बस्नेत
नगर प्रमुख

दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं

| | | | |
|---|---|---|---|
| १८ | निजी धारा वा टेलिफोन लाईन जडान सिफारिस दस्तुर | ५००।- | |
| १९ | विद्युत/धारा मिटर ठाउँसारी र नामसारी सिफारिस दस्तुर | ५००।- | |
| २० | ओ.जे.टी. अनुमती सिफारिश (प्रति व्यक्ति) दस्तुर | १०००।- | |
| २१ | वैदेशिक रोजगारको लागि सिफारिस | ५००।- | |
| २२ | परिवार ल्याएको/लगेको सिफारिस | १,०००।- | |
| २३ | विवाह दर्ता सिफारिस (विदेशीसँग) | ५,०००।- | |
| २४ | नाता प्रमाणित दस्तुर (मृतक/जिवित) | ५००।- | |
| २५ | बसोवास प्रमाणित (प्रति व्यक्ति) (बैदेशिक प्रयोजन) | १,०००।- | |
| २६ | बसोवास प्रमाणित (प्रति व्यक्ति) (स्वदेशी प्रयोजन) | २००।- | |
| २७ | **अस्थाई बसोबासको सिफारिस**<br>स्वदेशी<br>विदेशी | <br>५००।-<br>१,०००।- | |
| २८ | विद्युत जडान सिफारिस (व्यवसाय ३२ एम्पायर सम्म) | १०००।- | |
| २९ | विद्युत जडान सिफारिस (३ फेज) व्यवसायिक | ५,०००।- | |
| ३० | **विद्युत जडान सिफारिस (ट्रान्सफर्मर सहित)**<br>२०० के.भी. सम्मको<br>५०० के.भी. सम्मको<br>१००० के.भी. भन्दा माथिको | <br>१०,०००।-<br>१५,०००।-<br>२०,०००।- | |
| ३१ | **सहकारी संस्था नयाँ दर्ता दस्तुर**<br>कृषि सहकारी संस्था<br>बहुउद्देश्यीय सहकारी संस्था<br>बचत तथा ऋण सहकारी संस्था<br>महिला कृषि सहकारी | <br>५,०००।-<br>२५,०००।-<br>२०,०००।-<br>१,०००।- | |
| ३२ | **सहकारी संस्था नवीकरण दस्तुर (कारोबारको आधारमा)**<br>**कृषि सहकारी संस्था**<br>२० लाख देखि ५० लाखसम्म<br>५० लाख देखि १ करोडसम्म<br>१ करोड देखि ५ करोडसम्म<br>५ करोड देखि माथि<br>कृषि महिला सहकारी<br><br>**बहुउद्देश्यीय सहकारी संस्था**<br>२० लाख देखि ५० लाखसम्म<br>५० लाख देखि १ करोडसम्म | <br><br>३,०००।-<br>४,०००।-<br>५,०००।-<br>८,०००।-<br>१,०००।-<br><br><br>६,०००।-<br>८,०००।- | |



मोहन बस्नेत
नगर प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| | १ करोड देखि ५ करोडसम्म | १०,०००।- | | | |
| | ५ करोड देखि माथि | १२,०००।- | | | |
| | **बचत तथा ऋण सहकारी संस्था** | | | | |
| | २० लाख देखि ५० लाखसम्म | ६,०००।- | | | |
| | ५० लाख देखि १ करोडसम्म | ७,०००।- | | | |
| | १ करोड देखि ५ करोडसम्म | ८,०००।- | | | |
| | ५ करोड देखि माथि | ९,०००।- | | | |
| ३३ | **मोही नामसारी सिफारिस** | क वर्ग | ख वर्ग | ग वर्ग | घ वर्ग |
| | एकाघर भन्दा बाहेकको लागि रु. (प्रतिआना) | ६५।- | ५५।- | ४५।- | ३५।- |
| ३४ | **मोही नामसारी सिफारिस**<br>एकाघर भित्र (तिनपुस्ते भित्र) ०-८-०-० सम्म<br>थप प्रतिआना | ५००।-<br>१५।- | | | |
| ३५ | ठुला उद्योग स्थापनाको सिफारिस | ५०,०००।- | | | |
| ३६ | मझौला उद्योग स्थापनाको सिफारिस | २०,०००।- | | | |
| ३७ | केवल कार | प्रारम्भिक सहमति सिफारिस<br>३,००,०००।- | | संचालन अनुमती सिफारिस<br>५,००,०००।- | |
| ३८ | मझौला उद्योग (कृषि जन्य) स्थापनाको सिफारिस | १०,०००।- | | | |
| ३९ | साना तथा घरेलु उद्योगको सिफारिस | ५,०००।- | | नगर स्थायीबासीलाई ५० प्रतिशत छुट | |
| ४० | साना तथा घरेलु उद्योग (कृषि जन्य)को सिफारिस | १,०००।- | | | |
| ४१ | पेट्रोल पम्प | ५०,०००। | | | |
| ४२ | रूख काट्ने सिफारिस प्रति गोटा (स्वीकृत आवश्यक पर्नेमा) संख्या एकिन पश्चात् | १००।- घर प्रयोजन<br>३००।- व्यवसायिक प्रयोजन | | | |
| ४३ | नेपाली पेन्सनपट्टा सम्बन्धी सिफारिस | निशुल्क | | | |
| ४४ | भारतीय पेन्सनपट्टा सम्बन्धी सिफारिस | १०००।- | | | |
| ४५ | अन्य मुलुकको पेन्सनपट्टा सिफारिस | २०००।- | | | |
| ४६ | अपुताली सिफारिस (नेपालको लागि) | २,०००।- | | | |
| ४७ | व्यक्तिगत घटनादर्ता (जन्म ,मृत्यु, विवाह, सम्बन्ध विच्छेद, अविवाहिता, बसाईसराई) ३५ दिन सम्म शुल्क नलाग्ने ३५ दिन पछि विलम्ब शुल्क | ५०।- | | | |
| ४८ | साधारण सिफारिस (जेष्ठ नागरिक ७० वर्ष पुरा भएको/रातो कार्ड भएको अपाङ्ग/एकल महिलालाई निशुल्क) | २००।- | | | |



मोहन बस्नेत
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| ४९ | योगा ध्यान केन्द्र दर्ता सिफारिस<br>• स्वदेशी<br>• विदेशी | <br>१,०००।-<br>५,०००।- | |
| ५० | योगा ध्यान केन्द्र नविकरण सिफारिस<br>• स्वदेशी<br>• विदेशी | <br>५००।-<br>१०००।- | |
| ५१ | अंग्रेजीमा सिफारिस (प्रति सिफारिस) | ५००।- | विद्यार्थीहरुको लागि ५० प्रतिशत छुट |
| ५२ | अंग्रेजीमा नाता कायम | १०००।- | |
| ५३ | कर चुक्ता सिफारिस | ५००।- | |
| ५४ | **संस्था दर्ता ऐन २०३४ अनुसारका गैरसरकारी सस्थाहरुको दर्ता शुल्क रु. ५००।- तथा कारोबारको आधारमा नविकरण दस्तुर देहाय बमोजिम** | | |
| | ५ लाख सम्म | ५००।- | तोकिएको समय भित्र (आश्विन मसान्त) नविकरण गर्न नआएमा : चैत्र सम्मको लागि नविकरण दस्तुरको १० प्रतिशत, असार मसान्त सम्म २५ प्रतिशत र त्यसपछि शत प्रतिशतका दरले जरिवाना |
| | ५ भन्दा माथि १० लाख | १०००।- | |
| | १० भन्दा माथि २५ लाख सम्म | १५००।- | |
| | २५ भन्दा माथि ५० लाख सम्म | २०००।- | |
| | ५० भन्दा माथि ७५ लाख सम्म | २५००।- | |
| | ७५ लाख भन्दा माथि १ करोड सम्म | ३०००।- | |
| | १ करोड भन्दा माथि १२५ लाख सम्म | ३५००।- | |
| | १२५ लाख भन्दा माथि १५० लाख सम्म | ४०००।- | |
| | १५० लाख भन्दा माथि १७५ लाख सम्म | ४५००।- | |
| | १७५ लाख भन्दा माथि २ करोड सम्म | ५०००।- | |
| | २ करोड भन्दा माथि ३ करोड सम्म | ६०००।- | |
| | ३ करोड भन्दा माथि ४ करोड सम्म | ७०००।- | |
| | ४ करोड भन्दा माथि ५ करोड सम्म | ८०००।- | |
| | ५ करोड भन्दा माथि | १००००।- | |

२०८१।४।१

मोहन बस्नेत
नगर प्रमुख

सिफारिस दस्तुर :

| क्र.सं. | घरबाटो सिफारिस | अंशवण्डा (प्रति सिफारिस) | रजिष्ट्रशन प्रयोजन (प्रति आना) | कैफियत |
|---|---|---|---|---|
| १. | • दक्षिणकाली मुल सडक<br>• सहायक पक्की सडक<br>• कच्ची मोटरबाटो<br>• गोरेटो बाटो/अन्य घर बाटो | रु. १,०००।-<br>रु. ८००।-<br>रु. ७००।-<br>रु. ५००।- | रु. ५००।-<br>रु. ४००।-<br>रु. ३००।-<br>रु. २००।- | बढ कायमको लागि घरबाटो सरह |
| २. | • फर्पिङ टल्कु फर्पिङ छैमले<br>• सहायक पक्कीसडक<br>• कच्ची मोटरबाटो<br>• गोरेटो बाटो/अन्य घर बाटो | रु. ८००।-<br>रु. ७००।-<br>रु. ६००।-<br>रु. ५००।- | रु. ४००।-<br>रु. ३००।-<br>रु. २००।-<br>रु. १००।- | |
| ४. | जग्गामा घर समेत भएकोमा (घरको मुल्य अनुसार)<br>क) कच्ची घर<br>ख) पक्की घर | रजिष्ट्रेशन प्रयोजनको लागि तोकिएका दरको ५० प्रतिशत | ०.०१ प्रतिशत<br>०.०२ प्रतिशत | |

**नोट** : जति क्षेत्रफलको कारोबार गरिने हो सोही बमोजिम मात्र सिफारिस दस्तुर लाग्नेछ ।

चार किल्ला प्रमाणित दस्तुर :

| क्र.सं. | विवरण | दर (रू.) मा |
|---|---|---|
| १ | क. दक्षिणकाली पक्की मूल सडकले छोएको दायाँवायाँ प्रति आना<br>ख. सहायक पक्की सडकबाट छोएको दायाँवाया प्रति आना<br>ग. कच्ची मोटरबाटो छोएको दायाँवाया प्रति आना<br>घ. गोरेटो र क, ख र ग बाहेक प्रति रोपनी | १००।-<br>५०।-<br>४०।-<br>२५०।- |

घर नक्सा पास दस्तुर :

| क्र.सं. | विवरण | रकम (रू.) मा |
|---|---|---|
| १ | कम्पनी वा इन्जिनियरिङ कन्सल्टेन्सी अनुमती | १०,०००।- |
| २ | नक्सा पास निवेदन सहित नक्सा किताब (भूकम्प पिडितलाई ५० प्रतिशत छुट,यो व्यवस्था भुकम्प निजी आवास अनुदानको म्याद सम्म लागु हुनेछ) | १०००।- |
| ३ | **पक्की घर प्रति वर्ग फिट दस्तुर**<br>३००० वर्गफिट सम्म | रु. १०।- |



मोहन बस्नेत
नगर प्रमुख

| | | |
|---|---|---|
| | ३००० वर्गफिट भन्दा माथि<br>पर्खाल प्रति वर्ग फिट दस्तुर<br>(नेपाल सरकारले तोकेको भवन मोडेल अनुसार पुर्नआवास अनुसार घर निर्माण गरिएको छ भने पूर्ण रुपमा राजस्व छुट दिईनेछ र यदि ती भवन मोडेल भन्दा भिन्न प्रकारको घर निर्माण भएको र निजसँग भूकम्प पीडित कार्ड छ भने १ तला सम्म ७५ प्रतिशत छुट दिने । ( ० -१-०-० क्षेत्रफलमा निर्माण हुने घरको हकमा कुल क्षेत्रफलमा ७५ प्रतिशत छुट हुने,भुकम्प पिडितका लागि मात्र ।) (यो व्यवस्था भुकम्प निजी आवास अनुदानको म्याद रहेसम्म लागु हुनेछ) तथा बाँकीको तोकिएबमोजिम कर तिर्नुपर्नेछ । | रु. १५।-<br>रु. १।- |
| ४ | **उद्योग व्यवसाय संचालन गर्नको लागि निर्माण हुने संरचनाको नक्सा पास दस्तुर प्रति वर्ग फिट** | १५।- |
| ५ | कच्ची तथा अस्थायी घर/टहरा निर्माणको नक्सापास प्रति वर्ग फिट दस्तुर | ३।- |
| ६ | नगरपालिका हुनु भन्दा अगाडी निर्माण गरेको नक्सापास गर्दा प्रति वर्ग फिट | ५।- |
| ७ | साविक गा.वि.स.मा नक्सापासको लागि दर्ता गरि राजश्व बुझाईसकेको हकमा अभिलेखीकरण गर्न सेवाशुल्क | १०००।- |
| ८ | साविक घर परिवर्तन नहुने गरी मर्मत सम्भार गर्नु परेमा एकमुष्ट स्विकृत दस्तुर | २,०००।- |
| ९ | अपार्टमेन्ट, हाउजिङ्ग, होटेल, कोलनी, स्वीमिङ पुल र ५ हजार वर्गफुट भन्दा माथिको संघसंस्थाको घर नक्सा पास | रु २०।- (प्रति वर्ग फिट) |
| १० | नक्सापास संशोधन (क्षेत्रफल थप भएकोमा साविक तोकिएको दर थप गरी राजश्व असुल गरिनेछ ।) | १०००।- |
| ११ | नक्सापास नामसारी(एकाघर बाहिर) | रु ५।- (प्रति वर्गफिट) |
| १२ | नक्सापास नामसारी(एकाघर भित्र) | २०००।- |

**नोटः**

- प्रथम पटक नक्सा पास प्रतिलिपी प्रमाणीत प्रमाणपत्र दिंदा रु. ५०।-
- दोश्रो पटक नक्सा पास प्रतिलिपी प्रमाणीत प्रमाणपत्र दिंदा रु. ५००।-
  पून : ३ महिना भित्र भवन अभिलेखीकरणको लागि आवहान गर्ने ।

मोहन बस्नेत
नगर प्रमुख

२०७३

अनुसूची - १२

(दफा १४ संग सम्वन्धित)

## पर्यटन शुल्क

नगर कार्यपालिकाले तोकेको पर्यटकीय स्थलमा प्रवेश गर्ने विदेशी पर्यटकहरुलाई देहाय बमोजिम पर्यटन शुल्क लगाई असुल गरिने छ :

| पर्यटकका किसिम | शुल्कको दर रु |
|---|---|
| सार्क मुलुक | १००।- |
| सार्क मुलुक वाहेक अन्य | २००।- |

२०७८।६।१७

मोहन बस्नेत
नगर प्रमुख

अनुसूची - १३

(दफा १५ को उपदफा (१) र (३) संग सम्वन्धित)

## बिक्रीको दर

१. नगर क्षेत्रबाट खनिज पदार्थको रुपमा व्यवसायिक प्रयोजनार्थ खानेपानी बिक्री गर्ने व्यवसायीहरुबाट निम्नानुसार खानेपानी बिक्री शुल्क लिइनेछ :

क) २००० लि. सम्म प्रति ट्रिप - रु. ५०।-
ख) २००० देखि ६००० सम्म प्रति ट्रिप- रु. १००।-
ग) ६००० लि. देखि माथि प्रति ट्रिप - रु. १५०।-

२. नगरपालिका क्षेत्रभित्रको खोलानाला वा अन्य सार्वजनिक स्थलबाट वाताबरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परिक्षणबाट तोकिएको परिमाणमा गरिने ढुंगा, गिट्टी, बालुवा, रोडा, ग्रावेल, डष्ट आदिको बिक्री तथा प्रचलित कानून बमोजिम स्वीकृती लिई निजी स्वामित्वको जग्गामा सञ्चालित खानीबाट वाताबरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परिक्षणले तोकेको परिमाणमा गरिने ढुंगा, गिट्टी, बालुवा एवं माटो जस्ता साधारण निर्माणमुखी वस्तुहरुको उत्खनन्, संकलन र बिक्रीमा लाग्ने शुल्क :

— मालबाहकको किसिम : ट्रयाक्टर/हाफ ढाला ट्रक/ट्रक/सानो ट्रिपर/ट्रिपर/१० चक्के ट्रिपर/१२ चक्के ट्रिपर

| विवरण | इकाई | संकलन तथा बिक्री शुल्क |
|---|---|---|
| ढुंगा, गिट्टी, बालुवा, रोडा, ग्रावेल, डष्ट घाट गद्दी संकलन तथा बिक्री | प्रति घन फिट | रु ८।- |
| माटो घाटगद्दी संकलन तथा बिक्री शुल्क | प्रति घन फिट | रु ४।- |

उल्लेखित रकममा मुल्य अभिवृद्धि कर बाहेकको हुनेछ ।

मोहन बस्नेत
नगर प्रमुख

दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
२०७३

अनुसूची - १४

(दफा १७ संग सम्वन्धित)

## सम्पत्ति भाडाको दर

| पसल, सटर, पिकनिक स्थल आदिको भाडा | | | | | |
|---|---|---|---|---|---|
| क्र.स. | ठेगाना | संख्या | प्रति महिना दर | वार्षिक दर | कैफियत |
| १. | **वडा नं १ सटर** | | | | |
| | १ वटा | १ | ३,५००।- | ४२,०००।- | |
| | ३ वटा | ३ | २,०००।- | ७२,०००।- | |
| | १ वटा | १ | १,५००।- | १८,००० ।- | |
| | जम्मा | | | १,३२,००० ।- | |
| २. | नानिबाबु स्मृती भवनको सटर वडा नं. ३ | ६ | ५,०००।- | ३,६०,०००।- | |
| ३. | २ वटा सटर (वडा नं. ४) | २ | १,०००।- | २४,०००।- | |
| ४. | **वडा नं. ५ सटर तथा पाटी** | | | | |
| | ४ सटर | ४ | ५,०००।- | २,४०,०००।- | |
| | १ सटर | १ | १,५००।- | १८,००० ।- | |
| | शेषनारायण पसल कबल | ३ | ३०००।- | १,०८,०००।- | |
| | वडा नं. ५ कार्यालय अगाडी पसल कबल | १ | १५००।- | १८,०००।- | |
| | शेषनारायण पाटी | १ | १५०० ।- | १८,०००।- | |
| | १ फ्ल्याट | १ | ८,०००।- | ९६,०००।- | |
| ५. | वडा नं. ८ को क्लब भवनको ३ वटा कोठा | ३ | १,०००।- | ३६,०००।- | |
| ६. | वडा नं. ९ को सटर तथा पसल कबलहरु | १० | १,०००।- | १,२०,०००।- | |
| | वडा नं. ९ को वडा कार्यालयको सटर | १ | १,५००।- | १८,०००।- | |
| ७. | व्याकहो लोडर प्रति घण्टा (इन्धन बाहेक) | | | १,५००।- | |

मोहन बस्नेत
नगर प्रमुख

अनुसूची - १५

(दफा १८ को उपदफा (२) संग सम्वन्धित)

## दण्ड जरिवानाको दर

| क्र.सं. | कसूर | दण्ड जरिवाना |
|---|---|---|
| १ | चालु आ.ब. भित्र मालपोत, सम्पत्ति कर तथा व्यवसाय कर नतिरेमा | पहिलो वर्षको लागि १० प्रतिशत, दोस्रो वर्ष देखि प्रतिवर्ष थप ५ प्रतिशतका दरले |
| २ | खानी संचालन अनुमति प्राप्त गर्ने व्यवसायी वा संस्थाले उत्खनन् परिमाणभन्दा बढी उत्खनन् गरेमा वा अनुमति वेगर उत्खनन् गरेमा तथा मापदण्ड विपरित कार्य गरेमा | निजको स्वीकृती रद्ध गर्ने वा निजलाई रु.५०,०००।- देखी रु.१,००,०००।- रुपैयाँ सम्म जरिवाना गर्ने वा दुवै गर्ने । |
| ३ | नक्सा पास नगरी निर्माण कार्य गरेमा | नियमानुसार लाग्ने दस्तुरको तेब्बर रकम |
| ४ | जथाभावी फोहोर मैला निष्काशन गरेमा | पहिलो पटक रु. १०००।- त्यसपछी प्रति पटक रु. २०००।- का दरले |
| ५ | निर्माण सामग्रीबाट सडक अवरोध गरेमा | पहिलो पटक रु. ५००।- त्यसपछी प्रति पटक रु. २०००।- का दरले |
| ६ | नगरपालिकामा दर्ता वा इजाजत नलिई नयाँ व्यवसाय संचालन गरेमा | नियमानुसार लाग्ने दर्ता रकमको ५० प्रतिशत |
| ७ | नगरपालकिाले निषेध गरेको क्रियाकलाप सन्चालन गरेमा | नगर कार्यपालिकाले निर्णय गरे बमोजिम रु.१,००,०००।- सम्म |
| ८ | विषादि सहित कृषि खेतीको अनुमति लिई सो बमोजिमको कार्य नगरेमा | रु.५०,०००।- |
| ९ | अवैध ढुङ्गा, बालुवा तथा माटो निकासी गरेमा | प्रति ट्रिपर/निशान रु.१,०००।- र विगो बापत रु.२१,०००।- गरी जम्मा रु.२२,०००।- दोस्रो पटक रु.३,०००।- लिने र सो भन्दा बढी पटकको लागी रु.६,०००।- जरिवाना लिने र अवैध ढुङ्गा, बालुवा तथा माटोको गाडी पक्रि ल्याउने विगोको २५ प्रतिशत पुरस्कार दिइने छ । |

मोहन बस्नेत
नगर प्रमुख